# रामधुनी नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

झुम्का, सुनसरी

प्रदेश नं. १

## रामधुनी नगरपालिकाको क्षेत्राधिकार भित्र रहेको सेउती खोलाको नदिजन्य पदार्थ उत्खनन, संकलन र बिक्री वितरण गर्न आ..ब. २०७६/०७७ कोलागि ठेक्का सम्बन्धि बोलपत्र आब्हानको सुचना ।

**प्रथम पटक प्रकाशित मिति : २०७६।०५।१३**

स्थानिय सरकार संचालन ऐन, २०७४ को दफा ११ (घ) १, २ र उपदफा २ (घ) को ६ मा व्यवस्था भए बमोजिम यस रामधुनी नगरपालिकाको सेउती खोलाको प्रारम्भीक वातावरणीय परिक्षण (IEE) प्रतिवेदन, १ नं. प्रदेश सरकारको प्रदेश आर्थिक ऐन, २०७५ र नदिजन्य पदार्थ व्यवस्थापन कार्यविधि, २०७५, र यस नगरपालिका नगरकार्यपालिकाको मिति २०७५।०५।०७ गतेको निर्णय अनुसार, सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ तथा सार्वजनिक खरिद नियमावली, २०६४ नियम ३१ वमोजिम देहायका शिर्षकहरूमा आ.ब. ०७६□०७७ कोलागि आन्तरिक आय सम्बन्धि ठेक्का बन्दोबस्त गर्नु पर्ने भएकोले सूचना प्रकाशित भएको मितिले तोकिएको म्याद भित्र कानुनी प्रक्रिया पुरा गरेका फर्म, व्यक्ति वा संस्था कम्पनीले तपसिलको शर्तहरूको अधिनमा रहि सार्वजनिक खरिद अनुगमन कार्यालयको Website www.bolpatra.gov.np/egp मा बोलपत्र दाखिला गर्न हुन सम्बन्धित सबैको जानकारीकोलागि यो सार्बजनिक सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

| ठे.नं. | ठेक्काको नाम | उत्खनन परिमाण (घन फिटमा) | दर (प्रति घनफिटमा ) | न्यूनतम ठेक्का अंक (भ्याट बाहेक) | वोलपत्र फारम दस्तुर | ठेक्का जमानत रकम |
|---|---|---|---|---|---|---|
| ०१□०७६□०७७ | सेउती खोलाको नदि जन्य पदार्थको उत्खनन, संकलन तथा बिक्रि वितरण । | २३७६७७३.६५ तेइस लाख छिहतर हजार सात सय त्रिहतर दशमलव पैसठि घन फिट | रू. ३।८५ अक्षैरेपी तिन रूपैया पचासी पैशा घन फिट | रू. ९१५०५७८।५५ एकानव्वै लाख पचास हजार पाँच सय अठहतर पैशा पचपन्न मात्र | रू.३०००।- (तिन हजार) | कवोल अंकको ३ (तिन) प्रतिशत |

**ठेक्का सम्बन्धि शर्त तथा बन्देजहरु :**

१. माथि उल्लेखित ठेक्काकोलागि सुचना प्रकाशित भएको मिति देखि Website मा तोकिएको मिति र समय सम्ममा सार्वजनिक खरिद अनुगमन कार्यालयको Website www.bolpatra.gov.np/egp मा बोलपत्र फारम डाउनलोड गरि तोकिएको समयाबधि भित्र दाखिला गर्नु पर्ने छ ।

२. सार्वजनिक खरिद अनुगमन कार्यालयको Website मा तोकिएको मिति समय भित्र बोलपत्र दाताले बोपत्र दाखिला गर्दा अध्याबधिक रहेको व्यवसाय दर्ता प्रमाण पत्र, कम्पनी वा फर्म दर्ता प्रमाण पत्र, मु.अ.कर दर्ताको प्रमाणित, स्थाई लेखा नम्बरको दर्ता प्रमाण पत्र, आ.ब. ०७४/०७५ र ०७५/०७६ को आयकर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपी, स्व. घोषणापत्र, वोलपत्र फारम खरिद दस्तुर वापत लाग्ने रकम रामधुनी नगरपालिकाको नाममा एन.आई.सि.एसिया बैक लिमिटेड झुम्का शाखाको राजश्व खाता नं. ०८९CA५९४९८०५८००४ मा जम्मा गरि उक्त भौचर तथा बोलपत्रमा पेश गर्नु पर्ने भनि उल्लेख गरिएका सर्म्पुण कागजातहरुका प्रतिलिपी Scanning गरि तोकिएको ढाँचामा Upload गर्नु पर्नेछ । बोलपत्र खरिद गरेको रसिद, भौचर तथा बैंक जमानी पत्र यो सुचना प्रकाशित भएको मिति भन्दा पछिकोलाई मात्र मान्यता दिईनेछ ।

३ ठेक्काको अबधि सम्झौता भएको मिति देखि २०७७ जेष्ठ मसान्त सम्मकालागि हुनेछ ।.

४. माथि उल्लेखित ठेक्का कबोल अंकको थप मुल्य अभिबृद्धि कर १३ प्रतिशत राजश्व ठेकेदारले सम्बन्धित आन्तरिक राजश्व कार्यालयमा बुझाई ठेक्का संझौता हुनु पुर्व सो को प्रमाण यस कार्यालयमा बुझाउनु पर्नेछ ।

५. जमानत वापतको धरौटि वापत कवोल गरेको अंकको ३ (तिन) प्रतिशत रकम यस कार्यालयको नाममा रहेको एन.आई.सि.एसिया बैक लिमिटेड झुम्का शाखाको धरौटि खाता नं. ८९४१४९८०५८५२४००५ नगद दाखिला गरेको बैक

भौचर वा मान्यता प्राप्त 'क' वर्गको बैक बाट यस कार्यालयको नाममा जारी भएको बोलपत्र खरिद गर्ने अन्तिम मिति बाट कम्तीमा १२० दिन अबधिको बैक जमानत  बिडबण्ड (सक्कलै प्रति) बोलपत्र साथ पेश गर्नु पर्ने छ । धरौटी वापत जम्मा गरेको रकमलाई किस्तामा समावेश गर्न पाईने छैन र उक्त बैक जमानत तथा नगद धरौटी नियमानुसार कागजात पेश गरि सकेपछि प्रचलित कानुन अनुसार फिर्ता गरिनेछ ।

६. उपरोक्त ठेक्काकोलागि सुचना प्रकाशित भएको मितिले ३० औ दिनसम्म कार्यालय समय भित्र बिधुतिय बोलपत्र खरिद गरि ३१ औ दिन दिनको १२:०० बजे भित्र रितपुर्वक बिधुतिय बोलपत्र बुझाउनु पर्नेछ । प्राप्त भएको बोलपत्र सोहि दिन दिन को २ बजे रामधुनी नगरपालिकाको कार्यालयमा खोलिनेछ ।

७. बोलपत्र फारम खरिद गर्ने, दाखिला गर्ने र खोल्ने दिन सार्बजनिक विदा परेमा क्रमश सो को भोलिपल्ट सोहि समयमा नियमित कार्यहरु हुनेछ ।

८. कबोल रकम अंक र अक्षर मा प्रष्ट संग उल्लेख गरेको हुनु पर्दछ । अंक र अक्षर फरक पर्न गएमा अक्षरमा लेखिएकोलाई मान्यता दिईनेछ । अंक र अक्षरलाई पुन लेखन गर्नु पर्ने भएमा बोलपत्र दाताको अनिवार्य हस्ताक्षर र छाप लागेको हुनु पर्नेछ ।

९. तोकिएको म्याद भित्र ठेक्का संझौता गर्न नआएमा राखिएको धरौटी रकम जफत गरि नियमानुसार ठेक्का बन्दोवस्त गरिनेछ ।

१० यस सुचना तथा बोलपत्र साथ संलग्न अन्य शर्तहरु पुरा नभएका बोलपत्रहरु मुल्याँकनमा समावेश गरिने छैन ।

११. ठेक्का रकम किस्तामा बुझाउनकोलागि पहिलो किस्ता ६० प्रतिशत र अन्तिम किस्ता ४० प्रतिशत हुनेछ । पहिलो किस्ता संझौताको बखत र अन्तिम किस्ता २०७६ पौष मसान्त भित्र बुझाउनु पर्ने छ । अन्तिम किस्ताको रकमको हकमा २०७७ असार मसान्त सम्म अबधि रहेको बैक ग्यारेन्टी यस न.पा.को नाममा रहेको एन.आई.सि.एसिया बैक लिमिटेड झुम्का शाखाको धरौटि खाता नं. ८९४१४९८०५८५२४००५ संझौताको बखत नै पेश गर्नु पर्ने छ ।

१२. ठेकेदारले राखेको धरौटि रकम ठेक्का अबधि समाप्त भए पछि आन्तरिक राजश्व कार्यालयको कर समायोजन पत्र पेश गरेपछि मात्र फिर्ता दिईनछ ।

१३. ठेक्का कबोल गर्ने ठेकेदारले नगरपालिकाले तोकिदिएको कर उठाउँदा प्रयोग गर्ने रसिदहरु ठेकेदारले आफ्नै तर्फ बाट छपाई सो रसिदहरु यस नगरपालिका बाट अनिवार्य प्रमाणित गराई प्रयोग गर्नु पर्नेछ । प्रमाणित बाहेकका रसिद बाट कर उठाएको उजुरी वा जानकारी प्राप्त भएमा नियमानुसारको कारबाही र उठाएको रकम बराबरको थप जरिवना गरिनेछ ।

१४. खोला जन्य पदार्थ उत्खनन गर्दा अर्काको घर, कुलो, जग्गा, बाध, बाटो आदि क्षती हुने गरि निकाल्न पाईनेछैन । उक्त निर्माण सामाग्रि झिक्नु पर्ने स्थल सम्म जान आउन आबश्यक पर्ने बाटो बनाउन वा बाटो मर्मत गर्नु पर्ने अबस्था आएमा ठेकेदारले आफ्नै तर्फ बाट गर्नु पर्नेछ । साथै सो खर्च नगरपालिकामा दाबी गर्न पाईनेछैन । खोला जन्य पदार्थ उत्खनन निकाल्दा कुनै ब्यक्ति वा निकायको निजि जग्गा भएर जान आउन पर्ने भएमा सम्बन्धित व्यक्ति वा निकायको स्वीकृती ठेकेदारले आफैले लिनु पर्नेछ । नदिजन्य सामाग्रि ओसारपसार गर्दाको समयमा सडकमा धुलो वा हिलो भई आवागमनमा असर गरेमा ठेकेदारले सडक मर्मत सम्भार गर्नु पर्नेछ ।

१५. नदिको दाँया बाँया किनार खोला जन्य पदार्थ उत्खनन निकाल्दा भुक्षय वा बाढी पहिरो जाने किसिमले निकाल्न पाईने छैन ।

१६. पुल, कलभर्ट, कजवे, सडक तथा सार्बजनिक निर्माण स्थल आदिवाट तलमाथि ५०० मिटर भित्र खोला जन्य पदार्थ उत्खनन गर्न पाईनेछैन ।

१७. IEE प्रतिवेदन अनुसार खोला जन्य पदार्थ उत्खनन गर्ने भनि उल्लेख भएको छ सोहि ठाउँ बाट मात्र उत्खनन गर्न पाईनेछ ।

१८. प्रतिवेदन बमोजिम नगरपालिकाले जुन खोला र स्थानहरुलाई घाटगदीको रुपमा सिमाना स्थापित गरेकोछ । सोहि स्थानबाट उत्खनन गर्न सक्ने बस्तु उत्खनन गर्दा लाग्ने लागत स्वयं ठेकेदारले नै बहन गर्नु पर्ने छ ।

१९. खोला जन्य पदार्थ उत्खनन गर्दा बन क्षेत्र, चुरे क्षेत्र बाट उत्खनन गर्न पाईने छैन ।

२०. श्रमिक द्वारा हातले कुटेको गिट्टि, छानेको बालुवा आदिलाई समेत बिक्री गर्ने प्रयोजनार्थ निष्काशन हुदाँ बिक्रीकर लिन बाधा पर्ने छैन ।

२१. तोकिएको स्थान बाट खोला जन्य पदार्थ उत्खनन गर्दा बिहान सुर्यदय पश्चायत र बेलुका सुर्यास्त सम्म मात्र उत्खनन गर्नु पाईनेछ ।

२२. बन्द, हडताल जस्ता मानवीय सिर्जित कारण बाट सिर्जनाहुने अबश्थाको कारण कर छुट वा मिनाहा हुने छैन ।

२३. खोला जन्य उत्खननको विवरणहरु र नीति नियमहरुको सुचना पाटि सम्बन्धित स्थानहरुमा ठेकेदार स्वयंले नै राख्नुपर्ने छ ।

२४..एक फर्म वा कम्पनीको नाममा खरिद गरेको बोलपत्रफर्म अर्को फर्म वा कम्पनीको नामबाट दाखिला गर्न पाईने छैन ।

२५. कुनै शर्त सहितको बोलपत्र स्वीकार्य हुने छैन र साहायक ठेकदार मार्फत कार्य गर्न पाईने छैन ।

२६.  सुचनामा उल्लेख नभएका कुराहरुको हकमा प्रचलित संघिय, प्रादेशिक र स्थानिय कानुन वमोजिम हुनेछ ।

२७. कारण जनाई वा नजनाई बोलपत्र स्वीकृत गर्ने, आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पुर्ण अधिकार न.पा कार्यालयमा सुरक्षित रहनेछ । साथै रित नपुगि आएको बोलपत्र उपर कुनै कारवाही हुनेछैन । कुनै किसिमको विवाद आएमा रामधुनी नगरपालिकाको निर्णय अन्तिम हुनेछ ।

२८. यस सम्बन्धमा जानकारी लिन चाहेमा कार्यालय समयमा फो.नं. ०२५-५६२००५, ०२५-५६२५५६ मा सम्पर्क गर्न सकिनेछ ।

..............................